चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

प.स. : ०८०/०८१
च.नं. : ६०८

मिति : २०८०/०८/०८

**विषय : अनुदानका लागि लाभग्राही सिफारिस गरी पठाउने सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरू (सबै)**
**चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ।**

उपर्युक्त विषयमा २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्रविन्दु भई आएको भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्र घरको पूर्ण / आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेका भूकम्प प्रभावित परिवारलाई **'भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०'** बमोजिम अस्थायी आवास निर्माणका लागि अनुदान प्रदान गर्न तपसिलबमोजिम लाभग्राही सिफारिस गरी पठाउनु हुन अनुरोध छ ।

**तपसिल**

१. भूकम्पबाट घरमा भएको क्षतिको अवस्थाको बारेमा तत्काल प्रहरी मुचुल्का तयार गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।
२. कार्यविधिको **अनुसूची-१** बमोजिम भूकम्प प्रभावितको अस्थायी आवास लाभग्राही कामय गरी पाऊँ भन्ने व्यहोराको निवेदन र **अनुसूची २** बमोजिमको स्वघोषणासहित आवश्यक कागजातसहित निवेदन सङ्कलन गर्ने ।
३. वडा कार्यालयले २०८० मङ्सिर १३ गतेभित्र प्रहरी मुचुल्कासँगै लाभग्राही हुन दिनुपर्ने निवेदन सङ्कलन गरी सक्ने ।
४. निवेदनका साथ तपसिलका कागजात संलग्न भएको हुनुपर्ने
   - अनुसूची १ को ढाँचामा निवेदन र अनुसूची २ बमोजिम स्वघोषणा
   - पूर्ण / आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेको घरको फोटो
   - नागरिकता / मतदाता परिचय पत्र
   - बैङ्क चेकको प्रतिलिपि
   - घरमुली उपस्थित नभएको अवस्थामा कार्यविधिको अनुसूची ५ को ढाँचामा मञ्जुरीनामा
   - प्रहरी मुचुल्का ।
५. वडा कार्यालयमा एक र नगर कार्यपालिकाको कार्यालयमा एक प्रति कागजात सुरक्षित राख्न दुई वटा छुट्टाछुट्टै फाइल हुनुपर्ने ।
६. २०८० मङ्सिर १४ गते वडा स्तरीय सर्वदलीय संयन्त्र, वडा स्तरीय विपद् व्यवस्थापन समिति र वडा समितिको संयुक्त बैठक बस्ने ।
७. बैठकले वास्तविक लाभग्राही हुने / नहुने यकिन गरी स्वीकृतिका लागि चौरजहारी नगरपालिकाको विपद व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने निर्णय गरेको हुनुपर्ने ।
८. प्रमाणित निर्णयसहित २०८० मङ्सिर १४ गते बेलुकासम्म सफ्टकपी र २०८० मङ्सिर १५ गते बिहान १०:०० बजे चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमाणित निर्णय र फाइलसमेत पेस गरिसक्ने ।

२०८०/०८/०८

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

